## ३. संगठित संस्थाको सेयर, डिबेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था

(१) सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा बढी अवधिको लागि मात्र लगानी गर्न पाइनेछ । बैंक तथा वित्तीय संस्थाले कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन् ।

धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको संगठित संस्थाको सेयर वा डिबेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन ।

तर, प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सो भन्दा बढी लगानी रहेको अवस्थामा र कर्जा सूचना केन्द्र लिमिटेड, Nepal Clearing House Ltd., National Banking Institute, Nepal Stock Exchange Ltd तथा पूर्वाधार विकास बैंकको सेयरमा गरेको लगानीमा लगानी समायोजन कोष कायम गर्न अनिवार्य हुने छैन ।

साथै, नेपालको भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि पूर्वाधार तयार गर्न मद्दत पुऱ्याउन बैंक तथा वित्तीय संस्थाको संयुक्त लगानीद्वारा प्रवर्द्धित Payment Switch को कार्य गर्ने कम्पनीमा गरिएको लगानीको हकमा समेत लगानी समायोजन कोष कायम गर्नु पर्ने छैन ।

(२) कुनै एक संगठित संस्थाको सेयर, डिबेञ्चर वा कुनै सामूहिक लगानी कोषमा लगानी गर्दा प्राथमिक पुँजीको १० प्रतिशतमा नबढ्ने गरी र सबै संगठित संस्थाको सेयर, डिबेञ्चर वा सामूहिक लगानी कोषमा बढीमा आफ्नो प्राथमिक पुँजीको ३० प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सकिने छ । त्यसैगरी, संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको १० प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ । लगानी गर्दाको अवस्थामा तोकिएको सीमाभन्दा बढी लगानी गरेको भएमा यसरी बढी लगानी भएको रकम बराबर पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गरिनेछ ।

(३) आफ्नो वित्तीय स्वार्थ भएका कम्पनीमा गरिएको कुल लगानीको हकमा त्यस्तो लगानी आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म गर्न सकिनेछ । वित्तीय स्वार्थ भएको संगठित संस्थाका सेयर तथा डिबेञ्चरमा गरेको कुल लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्नेछ ।